# मनहरी गाउँपालिकाको ढुङ्गा, गिट्टी, वालुवा आदि उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मितिः२०८०/१२ /१८

प्रमाणित मितिः२०८०/ १२/२०

प्रस्तावनाः विकास निर्माण कार्यमा ढुङ्गा गिट्टी, वालुवा, मिस्कट लगायतका नदीजन्य तथा खानिजजन्य पदार्थको अभाव हुन नदिन नदीजन्य पदार्थको सहज आपुर्ति व्यवस्था गर्न यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाई नियन्त्रण गरी दिगो उपयोग गर्न र यस क्षेत्रवाट प्रास हुने राजश्व सङ्कलनलाई व्यवस्थित गरी गाउँपालिकाको आम्दानी वृद्धि गर्न तथा गाउँपालिकालाई ढुङ्गा गिट्टी, वालुवा जस्ता निर्माण जन्य वस्तुको विक्री गर्ने अधिकार प्रयोग गर्ने व्यवहारिक प्रक्रिया निर्धारण गर्न वाञ्छनीय भएकोले नेपाल सरकार (मन्त्रीपरिषद) ले जारी गरेको ढुङ्गा, गिट्टी, वालुवा विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा २० तथा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ३ वमोजिम मनहरी गाउँपालिका गाउँकार्यपालिकाले देहायको कार्यविधि तर्जुमा गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "मनहरी गाउँपालिकाको ढुङ्गा, गिट्टी, वालुवा, आदि उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले मनहरी गाउँपालिका सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले मनहरी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

ग) "मापदण्ड" भन्नाले नेपाल सरकार (मन्त्रीपरिषद) ले जारी गरेको ढुङ्गा, गिट्टी, वालुवा विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ सम्झनु पर्दछ ।

घ) "मेसिनरी औजार" भन्नाले टायरवाला व्याकहो लोडर, एक्साभेटर वा सोहि प्रकृतिको भारी उपकरण तथा अन्य उपकरणलाई सम्झनु पर्दछ ।

ङ) " स्थानीय अनुगमन समिति" भन्नाले दफा (४) वमोजिमको समिति सम्झनु पर्दछ ।

च) "कार्यालय" भन्नाले मनहरी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

छ) "उत्खनन तथा सङ्कलन" भन्नाले नदी, घाट वा निजि जग्गा वा सार्वजनिक जग्गा वा सडक खन्ने तथा मर्मत गर्ने स्थानवाट ढुङ्गा, गिट्टी, वालुवा, माटो, ग्रावेल, ग्रेग्रान उत्खनन तथा सङ्कलन गर्ने कार्य सम्झनु पर्दछ।

ज) "सार्वजनिक पुर्वाधार विकास निर्माण आयोजना" भन्नाले संघीय तथा प्रदेश सरकार र गाउँपालिका स्तरीय वजेटवाट निर्माण हुने सार्वजनिक पुर्वाधार विकास आयोजना भन्ने सम्झनु पर्दछ ।



Scanned with CamScanner

झ) "निर्माणजन्य पदार्थ" भन्नाले ढुङ्गा, गिट्टी, वालुवा, माटो, ग्राभेल, ढेगामा माटो एवं ढुङ्गाका कण रहेको पदार्थ सम्झनु पर्दछ ।

ञ) वातावरणी अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसवाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्नको लागि अवलम्वन गरिने उपायका सम्वन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ ।

३. नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र विक्री (१) मापदण्डमा भएको व्यवस्थाको अतिरिक्त गाउँपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन र विक्री गर्दा देहाय वमोजिम गर्नुपर्नेछ ,

क) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र विक्रीको लागि संघीय कानून वा सो को आधारमा तयार भएको गाउँपालिकाको कानूनको अधिकार वमोजिम कार्यालयले वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

ख) कार्यपालिकाको वैठकमा छलफल भई स्वीकृत भएपछि वातावरणीय अध्ययन प्रतिवेदनको प्रावधान अनुरुप हुने गरी ठेक्का वन्दोवस्त गर्नुपर्नेछ ।ठेक्का प्रक्रियामा व्यक्ति, व्यवसायिक फर्म वा संस्था सहभागी हुन सक्नेछन ।

ग) वर्षाको समयमा वगेर आई नदी खोला खोल्सीको किनारमा जम्मा भएको ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो गाउँपालिकाले ठेक्का लगाई वा कार्यपालिकाको निर्णय अनुसार अन्य व्यवस्था वमोजिम विक्री गर्न सकिनेछ ।

घ) गाउँपालिका क्षेत्रभित्र विभिन्न स्थानमा वा उद्योग परिसर भित्र रही स्टक प्रमाणित भएका निर्माणजन्य सामाग्री वा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय वमोजिम संकलन तथा उत्खनन् हुने निर्माणजन्य सामाग्री वा राष्ट्रिय निकुञ्ज कार्यालयको अनुमति वमोजिम संकलन तथा उत्खनन् हुने वा वा नेपाल सरकारको निर्णय वमोजिम स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण वमोजिम संकलन तथा उत्खनन् हुने निर्माणजन्य पदार्थको राजश्व संकलन गरिनेछ । यसरी राजश्व संकलन गर्दा संभव भए सम्म ठेक्कावाट र ठेक्का लगाउन नसकिएको अवस्थामा अमानतवाट वा गाउँपालिकाले कर संकलक नियुक्ति गरी राजश्व संकलन गर्न सक्नेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले ठेक्का वन्दोवस्त नगरी आफैले विक्री गर्न उपयुक्त देखेमा कार्यपालिकावाट निर्णय भए अनुसारका नदीघाटवाट गाउँपालिकाले कर्मचारी खटाई रसिद काटी विक्री गर्न सक्नेछ । कर्मचारी नपुग भएमा अन्य वैकल्पिक उपाय गरेर ज्यालादारीमा कर्मचारी लिएर, खटाएर वा कार्यालयवाट नै राजश्व इकाई/काउन्टरवाट रसिद काटी विक्री गर्न सक्नेछ वा कार्यालयले कर संकलक नियुक्ति गरी कर संकलन केन्द्र तोकि तोकिएको कर संकलन केन्द्रवाटनै राजश्व संकलन गर्न सक्नेछ।साथै कार्यपालिकाको निर्णय अनुसार कार्यालयलेनै उत्खनन् गरी नदीजन्य पदार्थको आपूर्ति व्यवस्था मिलाउनु पर्ने भएमा तथा नदीजन्य पदार्थ प्रशोधन गरी विक्रिगर्ने उद्योगलाई उपलब्ध गराउन उपयुक्त देखिएमा



रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

तोकिएको बिक्री शुल्क तोकिएको संकलन केन्द्रवाट संकलन गर्ने गरी उत्खनन् स्थलवाटनै उत्खनन् शुल्क उठाउन सक्नेछ ।

(३)उप दफा (१) घ र उप दफा (२) अनुसारको प्रकृया गर्दा उत्खनन् नियन्त्रण गर्न तथा वातावरणीय परीक्षण उल्लंघन हुन नदिन गाउँपालिका आफैले हेभी मेशिन प्रयोग गरी ढुवानी साधनमा लोड गरी तोकिएको कर संकलन केन्द्रवाट विक्री कर संकलन गर्न सक्नेछ ।

४. अनुगमन सम्बन्धी व्यवस्थाः (१) नदीजन्य पदार्थ ढुङ्गा, माटोजन्य तथा खनिजजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न देहाय बमोजिमको स्थानीय अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| ख) मुख्य खोला रहेको क्षेत्रका वडा अध्यक्ष २ जना | - सदस्य |
| ग) गाउँपालिका अध्यक्षले तोकेको गाउँसभा सदस्य मध्येबाट १ जना | - सदस्य |
| घ) पूर्वाधार शाखाको शाखा प्रमुख | - सदस्य |
| ङ) वातावरण निरिक्षक वा वातावरण निरिक्षक नभए वन वातावरण तथा विपद व्यवस्थापन हेर्ने प्राविधिक (दुवै भए दुवै जना) | - सदस्य |
| (च) खरिद तथा सम्पत्ति व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| (छ) वन वातावरण तथा विपद व्यवस्थापन शाखा उपशाखा प्रमुख | - सदस्य |
| (झ)राजश्व शाखा प्रमुख | - सदस्य सचिव |

आवश्यकता अनुसार गाउँपालिकाका अन्य जन प्रतिनिधि वा अन्य विज्ञ वा विषयसँग सम्बन्धित व्यक्तिलाइ वैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(२) स्थानीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) मापदण्डको दफा ९ वमोजिमको जिल्ला अनुमगन समितिवाट लेखि आएका विषयमा आवश्यक कारवाही गर्ने ।

ख) उत्खनन तथा सङ्कलन क्षेत्रको नाप-जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन तथा सङ्कलनको क्षेत्र निर्धारण गरी लाइन लेभल दिने ।

ग) उत्खनन तथा सङ्कलन क्षेत्रवाट मापदण्ड, यस कार्यविधि र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्ने ।

घ) नदीजन्य तथा निजी जग्गाबाट हुने उत्खनन, सङ्कलन, बिक्री तथा व्यवस्थापनको र मेसिनरी औजार प्रयोग सम्बन्धी व्यवस्थापनको समग्र अनुगमन तथा नियन्त्रण गर्ने ।

ङ) गाउँपालिका आफैले उत्खनन, सङ्कलन, विक्री तथा व्यवस्थापन गर्ने अवस्थामा सो को अनुगमन गर्ने तथा गाउँपालिकामा प्रतिवेदन पेश गर्ने।



रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

च) आर्थिक वर्षको अन्त्यमा नदी किनार तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ स्टक प्रमाणित वा नियमानुसार गर्ने व्यवस्था मिलाउने ।

छ) उत्खनन, सङ्कलन तथा बिक्री सम्बन्धमा हुने विवाद तथा अन्य समस्याको समाधान गर्ने ।

ज) अनुगमन तथा परिमाण नियन्त्रण सम्बन्धी भएका काम कारवाही तथा अनुगमन प्रतिवेदन र उत्खनन तथा स्टक परिमाण प्रतिवेदन गाउँपालिका अध्यक्ष समक्ष पेश गर्ने । नदीजन्य तथा निजी जग्गाबाट उत्खनन, सङ्कलन, बिक्री तथा व्यवस्थापनको र मेसिनरी औजार प्रयोग सम्बन्धी व्यवस्थापनको समग्र अनुगमन तथा नियन्त्रण गर्ने। गाउँपालिका आफैले उत्खनन, सङ्कलन, बिक्री तथा व्यवस्थापन गर्ने अवस्थामा कामको अनुगमन गर्ने ।

झ) गाउँपालिका क्षेत्रमा सञ्चालन भएका क्रसर र वालुवा प्रशोधन गर्ने वा वालुवा पाँगो वास (धुने) उद्योगको अनुगमन गरी मापदण्ड अनुसार सञ्चालन भए वा नभएको विषयमा प्रतिवेदन दिने ।

५. मेसनरी औजार प्रयोग सम्बन्धी व्यवस्थाः (१) उत्खनन तथा सङ्कलनको कार्यमा संभव भए सम्म श्रमिक सूचिकरण र कार्य अनुमतिको व्यवस्था मिलाइ मानवीय श्रम र हाते औजारलाइ प्राथमिकता दिने तर उत्खनन तथा सङ्कलनको कार्यमा मेसनरी औजार प्रयोग गर्नुपर्ने अवस्था भएमा देहायका प्रक्रिया अपनाई मेसनरी औजार प्रयोग गर्ने अनुमती दिईनेछ ।

(क) वातावरणीय अध्ययन प्रतिवेदनमा मेसनरी औजार प्रयोग सम्बन्धी उल्लेख भएमा,

(ख) दफा ४ बमोजिमको अनुगमन समितिको सिफारिस भएमा,

(ग) कार्यपालिका वैठकबाट निर्णय भएमा,

(२) मेसिनरी औजार प्रयोग गर्न अनुमती लिने व्यक्ति, फर्मले वातावरणीय परीक्षणमा उल्लेखित प्रावधान पालना गर्नेछु भनि स्वःघोषणा पत्र सहित अनुसूचि - १ वमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

६. मेसिनरी औजार प्रयोगको अनुमती दिन सकिने अवस्थाः (१) देहायका अवस्थामा कार्यपालिकाले निर्णय गरि मेसिनरी औजार प्रयोगको अनुमती दिन सकिनेछ ।

क) बाढी पहिरो भूक्षय जस्ता प्राकृतिक प्रकोपको कारण जम्मा भएको पदार्थहरु जोखिम न्यूनीकरणको लागि हटाउनुपर्ने अवस्था उत्पन्न भएमा जिल्ला विपद व्यवस्थापन समितिको अनुमती लिई मेसिनरी उपकरण प्रयोग गर्न सकिनेछ ।

ख) नदीजन्य पदार्थहरुको थेग्रान, ढिस्का आदिका कारण प्राकृतिक बहाव परिवर्तन हुने जोखिम उत्खनन हुने अवस्थामा मेसिनरी उपकरण प्रयोग गरी हटाउनु पर्ने भएमा तथा नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन गर्दा नदीका प्राकृतिक बहावलाई असर नपर्ने, आसपासका खेती योग्य जग्गा जमिनलाई सुरक्षित राख्नका लागि उपयुक्त परिमाणमा मात्र उत्खनन गर्न स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको शर्त तथा मापदण्डको अनिवार्य पालना गर्ने गरी प्रयोग हुने मेसिनरी साधन, सवारी साधनको ब्लु-बुक र सवारी चालक अनुमतीपत्रको प्रमाण पत्र सहित तोकिएको मापदण्ड पालना गर्ने स्वघोषणा लगायत मेसिनरी उपकरणको प्रकार, संख्या र प्रयोग गर्नुपर्ने समय सिमा लगायत अन्य आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ ।

ग) गाउँपालिकामा सञ्चालन हुने तथा भएका पालिका स्तरीय, प्रादेशिक तथा राष्ट्रिय गौरवका आयोजनाहरुको लागि आयोजना प्रमुखले लागत इष्टिमेट अनुसारको परिमाण खुलाई निवेदन दिएमा र ठेकदारसँग सम्झौता भएको परिमाण उत्खनन र सङ्कलन गर्न ।

घ) गाउँपालिका क्षेत्रमा सञ्चालन भएका र हुने तथा सरकारी वा निजी स्तरको गाउँपालिकाको राजश्व आम्दानी वृद्धि हुने प्रकृतिको जलविद्युत, हाइड्रोपावर, औधोगिक-ग्राम लगायतका उद्योगहरुलाई आवश्यक पर्ने परिमाण उत्खनन तथा सङ्कलन गर्न ।

ङ) मानवीय साधनवाट सङ्कलन गर्न सम्भव नदेखिएको भनि अनुगमन समितिवाट वा प्राविधिकबाट सिफारिस भएको स्थानमा उत्खनन तथा सङ्कलन गर्न।

च) सम्वन्धित वडा कार्यालयको सिफारिसमा निजी जग्गावाट वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारको परिमाण उत्खनन तथा सङ्कलन गरी विक्री गर्न ।

(२) गाउँपालिका आफैले उत्खनन, सङ्कलन तथा विक्री गर्ने अवस्थामा वा उत्खनन गरी गाउँपालिका स्तरीय आयोजनामा प्रयोग गर्नुपर्ने अवस्थामा मेसिनरी औजार प्रयोग गरिनेछ ।

(३) मेसिनरी औजार प्रयोगको अनुमती कार्यपालिकाको निर्णय अनुसार कार्यालयले अनुसूची - २ वमोजिम दिन सक्नेछ।

७. सडक निर्माण, विस्तार वा मर्मतको क्रममा निस्कने निर्माण सामाग्रीको व्यवस्थापन :

(१) सडक निर्माण वा विस्तार तथा मर्मतको क्रममा सडक अधिकार क्षेत्र भित्रवाट निस्कने ढुङ्गा, गिट्टी, वालुवा, माटो, ग्रेग्रान जस्ता निर्माण सामाग्री सम्वन्धित आयोजनाले उपभोग गर्ने अवस्थामा त्यस्तो सामाग्रीको परिमाणको आधारमा लाग्ने विक्री मूल्य लिई आयोजनालाई दिन सकिनेछ।



रमेश ... प्रमुख प्रशासकीय अधिकृत

रञ्जन कालाखेती अध्यक्ष

Scanned with CamScanner

(२)उपदफा (१) अनुसार सम्बन्धित आयोजनाको उपयोग गर्ने अवस्था नभएमा निर्माण सामाग्री खेर जान नदिन तथा राजश्व आम्दानी गर्न गाउँपालिका आफैले वा आयोजना मार्फत (ठेकेदार वा उपभोक्ता समिति) बिक्री गर्न सकिनेछ।

(३)उपदफा (२) बमोजिम बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको तोकिएको खातामा जम्मा गर्नुपर्नेछ ।

८. निजी जग्गाबाट निर्माण सामाग्री उत्खनन तथा सङ्कलन गर्ने प्रक्रियाः

(१)निजि जग्गाबाट निर्माण सामाग्री उत्खनन तथा सङ्कलन गर्न अनुमती लिने दिने प्रक्रिया देहाय अनुसार हुनेछ ।

(क) निजी जमिनबाट साधारण निर्माणमुखी ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटो दैनिक ५० घन मि. भन्दा बढी उत्खननको कार्य गर्ने तथा बिक्री गर्न चाहने व्यक्ति, व्यवसायिक फर्म वा संस्थाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ । साथै त्यस्ता व्यवसायिक फर्म वा संस्थाले यस गाउँपालिकामा उद्योग/व्यवसाय दर्ता, नवीकरण गर्नुपर्नेछ ।व्यक्तिले भने वातावरणीय परीक्षणको लागि सोझै निवेदन दिन सक्नेछ ।

(ख) व्यक्तिगत प्रयोजनका लागि उपदफा (क) बमोजिम प्रति दिन १५ घ. मि. नबढ्ने गरी बढीमा १ महिना समय सिमा तोकी प्राविधिक प्रतिवेदन स्वीकृत गराई उत्खनन तथा सङ्कलन अनुमती लिनुपर्नेछ ।

(ग)उपदफा (क) र (ख) बमोजिम निजी जमिनबाट ढुङ्गा, माटो, बालुवा, मिस्कट आदी उत्खनन तथा बिक्री गर्न चाहने व्यक्ति, व्यवसायिक फर्म वा संस्थाले उत्खनन गर्नुपर्ने जमिनको स्वामित्व भएको जग्गाधनी प्रमाण-पूर्जा, जग्गाधनीसँगको सम्झौताको प्रतिलिपी, उत्खनन हुने क्षेत्रफल र उत्खनन गरिने परिमाण, उत्खनन अवधि र सँधियारसँगको अनुमती सहित वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(घ)यस कार्यविधि बमोजिम ढुङ्गा, माटो, बालुवा, मिस्टक आदि उत्खनन, सङ्कलन तथा भण्डारण गर्दा गाउँपालिकाले आफ्नो भू-उपयोग नीति अनुसार यस प्रयोजनका लागि छुट्टाईएको जग्गाको मात्र गाउँपालिकाबाट वातावरणीय परीक्षण गरी परिमाण तोकी उत्खनन अनुमती दिन सकिनेछ ।

(२) प्राविधिक प्रतिवेदन तयार गर्नेः (१) उपदफा (१) को (क) बमोजिम स्वीकृतका लागि प्रतिवेदन प्राप्त भएमा संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को परिच्छेद - ३ मा भएको व्यवस्था बमोजिम हुनेछ । साथै उपदफा (१) को (ख) बमोजिम स्वीकृतका लागि निवेदन प्राप्त भएमा उत्खनन अनुमती दिनु पूर्व प्राविधिक प्रतिवेदन तयार गर्नुपर्नेछ ।



रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ज्ञान कलाखेती
अध्यक्ष

(३) वातावरणीय परीक्षणको प्रस्तावक पक्ष, व्यक्ति वा जोरग्राही अभिले वातावरणीय परीक्षण स्वीकृत भएपछि अन्य व्यक्ति, फर्म, संस्थासँग सम्झौता गरी उत्खनन सङ्कलन तथा बिक्री गर्न सक्नेछ ।

९. परिमाण नियन्त्रण सम्बन्धी व्यवस्थाः (१) उत्खनन तथा सङ्कलनको कार्यमा तोकिएको परिमाण भन्दा बढी उत्खनन तथा संलकन गर्नुहुँदैन ।

(२) उपदफा (१) मा व्यवस्था विपरित उत्खनन तथा सङ्कलन गर्ने व्यक्ति, फर्म वा संस्थालाई कानून बमोजिम दण्ड जरिवाना गरिनेछ ।

(३) अनुगमन समितिले परिमाण नियन्त्रणको लागि समय-समयमा अनुगमन गर्नेछ र अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्नेछ ।

(४) प्राविधिकले उत्खनन तथा सङ्कलन परिमाण नाप, जाँच गरी गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नेछ ।

(५) गाउँपालिका अध्यक्षले समय-समयमा उत्खनन तथा सङ्कलन परिमाण नाप, जाँच गर्न प्राविधिक खटाउन सक्नेछ ।

१०.ढुवानी तथा ओसार-पसार सम्बन्धी व्यवस्थाः (१) ढुङ्गा, माटोजन्य पदार्थको ओसार-पसार गर्दा देहाय बमोजिम गर्नुपर्नेछ।

क) पानीले भिजेको र पानी चुहिने ढुङ्गा, गिट्टी, वालुवा, मिस्कट, दहत्तर, बहत्तर बोकेका सवारी साधन पक्की सडकमा गुडाउन पाईनेछैन ।

ख) ढुङ्गा, गिट्टी, वालुवा, मिस्टक, दहत्तर, बहत्तर बोकेका सवारी साधन नछोपी खुल्ला रुपले ढुवानी गर्न, सडक सीमा नदी किनार र मापदण्ड भित्रको क्षेत्रमा सङ्कलन तथा सञ्चय गरी राख्न तथा सवारीका साधन उक्त क्षेत्र पार्किङ गर्न पाईनेछैन ।

ग) ओसार-पसार तथा ढुवानी सम्बन्धी अन्य व्यवस्था मापदण्डमा उल्लेख भए बमोजिम हुनेछ ।

११. निषेधित कार्यहरुः (१) यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेधित गरिएकोछ।

(२) वातावरणीय अध्ययन प्रतिवेदन वा प्राविधिक प्रतिवेदन स्वीकृत नगरी नदीजन्य पदार्थ माटोजन्य पदार्थ, उत्खनन गर्न तथा निर्माण सामाग्री सङ्कलन तथा भण्डारण गर्न ।

(३) स्वीकृत संक्षिप्त वातावरणीय परीक्षण, प्रारम्भिक वातावरणीय परीक्षण वा प्राविधिक प्रतिवेदनका शर्त उल्लंघन गर्न।

(४) अनुमती विपरित उत्खनन स्वीकृति प्राप्त भएको भन्दा बढी उत्खनन, सङ्कलन तथा ढुवानी गर्न ।

(५) उल्लेखित निषेधित कार्य गरेको पाईएमा अनुगमन समितिले दण्ड जरिवाना लगाउने, सामाग्री जफत गर्न सक्नेछ।

१२. क्रसर, उद्योग, वालुवा प्रशोधन उद्योग सम्बन्धी विशेष व्यवस्था :



रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कौलाखेती
अध्यक्ष

Scanned with CamScanner

(१) क्रसर, उद्योग, वालुवा प्रशोधन उद्योग सम्बन्धमा मापदण्डको दफा - ११ बमोजिम हुनेछ ।

(२) संघीय, प्रदेश र गाउँपालिका स्तरीय ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि नदीजन्य पदार्थको अभाव हुन नदिन त्यस्ता आयोजना कार्यालयको सिफारिसमा आयोजना अवधिभरको लागि वालुवा प्रशोधन वा वालुवा पँगो माटो धुने उद्योग सञ्चालन गर्न अस्थायी रुपमा अनुमती दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम अस्थायी अनुमती दिँदा देहायका कागजात पेश गर्नुपर्नेछ ।

क) आयोजना कार्यालयको सिफारिस पत्र

ख) आयोजनाको निर्माण गर्ने निर्माण व्यवसायीको निवेदन

ग) आयोजनाको लागत अनुगमन र आयोजना कार्यालय र निर्माण व्यवसायीविच भएको सम्झौता पत्र ।

(४) अनुगमन समितिको प्रतिवेदन तथा सिफारिस र कार्यपालिकाको निर्णय अनुसार अनुमती दिइनेछ ।

(५) उपदफा (३) र (४) वमोजिमको कागजातको आधारमा कार्यालयले अनुमती दिन सक्नेछ।

(६) वालुवा प्रशोधन गर्न र वालुवा पँगो माटो धुने उद्योग दर्ता गर्न अनुसूची – ५ अनुसारको मापदण्ड पुग्नुपर्नेछ र उपदफा ४ बमोजिम सिफारिस तथा निर्णय हुनपर्नेछ ।

१३. ठुला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि विशेष व्यवस्था:

(१) ठुला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि नदीजन्य पदार्थको अभाव हुन नदिन मापदण्डको दफा - १२ बमोजिमको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) साथै गाउँपालिकाको राजश्व आम्दानीमा वृद्धि हुने गाउँपालिकाको आर्थिक वृद्धि र विकासमा टेवा पुर्याउने खालका सरकारी वा संघ-संस्थान वा निजी क्षेत्रबाट निर्माण तथा सञ्चालन हुने जलविद्युत (हाइड्रोपावर), औद्योगिक-ग्राम, ठुला आयोजनाका सडक स्तरोन्नती गर्ने जस्ता अन्य आयोजनाका लागि गाउँपालिकाबाट त्यस्तो नदीजन्य पदार्थ उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउँदा गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए अनुसारको शुल्क तथा दस्तुर नघटाई कार्यपालिका बैठकबाट निर्णय हुनुपर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउँदा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको नदीहरुबाट उपलब्ध गराईनेछ तर वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको नदी-घाट नभएमा आयोजनाको अनुरोधमा आयोजना स्थल देखि



रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रत्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

सवैभन्दा नजिक पर्ने नदी-घाटको वातावरणीय परीक्षण गरी नदीजन्य पदार्थ उपलब्ध गराईनेछ ।

(५) उपदफा (१) र (२) अनुसार नदीजन्य पदार्थ उत्खनन गर्न कार्यालयबाट अनुमती दिइनेछ ।

१४. नदीजन्य पदार्थ उत्खनन गरिने क्षेत्रः (१) मनहरी गाउँपालिका क्षेत्र भित्रका देहायका क्षेत्रहरुमा नदीजन्य पदार्थ उत्खनन गरिनेछः

क) मनहरी स्थानका नदी घाटहरु,

ख) रासी नदी घाटहरु,

ग) लोथर स्थानका नदी घाटहरु,

घ) गाउँपालिकाका विभन्न सडकमा पर्ने खोला खोल्सीको क्षेत्र,

(२) उपदफा (१) खण्ड (घ) को क्षेत्रमा स-साना खोला खोल्सीले वगाएर ल्याएको नदीजन्य पदार्थ उत्खनन गर्न सकिनेछ।

(३) स-साना खोला खोल्सीले वगाएर ल्याएको नदीजन्य पदार्थ सामुदायिक वन क्षेत्र वा सार्वजनिक जग्गा वा निजी जग्गामा भए पनि उपनियम (२) अनुसार नै नदीजन्य पदार्थ उत्खनन गरिनेछ ।

(४) उपदफा (१) खण्ड (घ) बमोजिमको क्षेत्रमा पर्ने खोला खोल्सी सामुदायिक वन क्षेत्रमा पर्ने भए पनि गाउँपालिकाले उत्खनन सङ्कलन तथा बिक्री व्यवस्थापन गर्नेछ ।

१५. दण्ड सजायको व्यवस्थाः दफा (१०) वमोजिम निषेधित कार्य गरेमा गाउँ कार्यपालिकाको निर्णय तथा प्रचलित कानूनमा व्यवस्था भए वमोजिम दण्ड सजाय हुनेछ ।

१६. थपघट तथा हेरफेरः यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट हेरफेर वा संशोधन गर्न सक्नेछ ।

१७. वाधा अड्काउ फुकाउः यो कार्यविधिको कार्यान्वयनका क्रममा कुनै वाधा अड्काउ आईपरेमा गाउँ कार्यापालिकाले वाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

१८. वचाउः (१) यस अघि उपनियम (१) वमोजिम व्यवस्था भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रञ्जन कोलाखेती
अध्यक्ष



Scanned with CamScanner

अनुसूची १

(दफा ५ उपदफा २ सँग सम्बन्धित)

## मेसिनरी उपकरण प्रयोगका लागि अनुमती माग गर्ने निवेदन

मितिः

मनहरी गाँउ कार्यपालिकाको कार्यालय,
रजैया।

विषयः अनुमती पाउँ भन्ने बारे ।

महोदय,

प्रस्तुत विषयमा.............. वाट सञ्चालित ......................योजनाका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलनका लागि मेसनरी उपकरण प्रयोग गर्नु पर्ने भएकोले नियमानुसार मेसनरी उपकरण प्रयोगको अनुमती प्रदान गरिदिनु हुन आवश्यक कागजपत्र सहित यो निवेदन पेश गरेको छु ।

(क) विवरणः

१. योजनाको नामः
२. योजना कार्यान्वयन गर्ने व्यवसायीको नाम, ठेगानाः
३. योजनाको लागतः
४. योजना सम्पन्न हुने अनुमानित मितिः
५. योजनाका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अनुमानित परिमाणः
६. पायक पर्ने नजिकको उत्खनन् तथा सङ्कलन स्थानः
७. उत्खनन् तथा सङ्कलनका लागि प्रयोग हुने मेसनरी उपकरणको प्रकार र संख्याः
८. मेसिनरी साधनको व्लु वुक र सवारी लाईसेन्सको प्रमाण पत्र
९. तोकीएको मापदण्ड पालना गर्ने स्वघोषणा पत्र
१०. उत्खनन कार्ययोजना
११. अन्य आवश्यक कागजातहरु

(ख) उत्खनन् कार्ययोजना



रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| क सं | विवरण | व्यहोरा/किसिम/परिमाण | कैफियत |
|---|---|---|---|
| १ | मेसिनरी उपकरणको किसिम | | |
| २ | प्रयोग हुने मेसिन उपकरणको संख्या | | |
| ३ | प्रयोग हुने क्षेत्र | | |
| ४ | प्रयोग गर्ने कारण | | |
| ५ | प्रयोग गर्ने समय | | |
| ६ | प्रयोग गर्ने महिना | | |
| ७ | प्रयोग गर्ने विधि र प्रकृया | | |
| ८ | अधिकतम गहिराई, लम्वाई र चौडाई | | |
| ९ | चेनएज | | |
| १० | उत्खनन् सङ्कलन हुने अनुमानित परिमाण घ.मि.(मासिक) | | |
| ११ | मूख्य वस्ती देखी मेसिन उपकरणको प्रयोग गर्नेक्षेत्र सम्मको औषत दुरी | | |
| १२ | स्थानीय रोड देखी मेसिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |
| १३ | अन्य संवेदनशिल क्षेत्र भए उल्लेख गर्ने | | |

निवेदकको हस्ताक्षरः .....................

नामः .......................................

ठेगानाः ........................................

सम्पर्क नं.: .................................

अनुसुची - २

(दफा ६ उपदफा [illegible] सम्बन्धित)

## भारी उपकरण प्रयोग गरी नदीजन्य प्राकृतिक पदार्थ व्यवस्थापन गर्दा सहमती दिने विवरण

| क्र. सं. | विवरण | | परिमाण/संख्या/ विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | भारी उपकरण प्रयोग गर्ने स्थानको विवरण | तल्लो विन्दु | | प्रतिवेदन वा प्राविधिक प्रतिवेदनले निर्धारण गरेको परिधि भित्र |
| | | माथिल्लो विन्दु | | |
| | | लम्बाई | | |
| | | चौडाई | | |
| | | गहिराइ | | |
| | | ढुंगाःग्रावेलःवालुवा | | |
| २ | नदीजन्य पदार्थ उत्खन/सङ्कलनको अवस्था | सहमति दिइएको परिमाण | | प्रतिवेदन वा प्राविधिक प्रतिवेदनले निर्धारण गरेको परिमाण नबढ्ने गरि |
| | | हालसम्म उत्खनन परिमाण | | |
| | | बाँकी परिमाण | | |
| ३ | प्रयोग गरिने भारी उपकरणको विवरण | संख्या | | |
| | | नाम | | |
| | | नम्वर | | |
| ४ | पहुँचमार्ग | | | |
| ५ | भारी उपकरण प्रयोग गर्ने समयावधि | समयावधि | | |
| | | प्रतिदिन | | |
| | | समय | | रातको समयमा नगर्ने |
| ६ | सुपरभिजन तथा समन्वय | प्राविधिक/कर्मचारी/प्रतिनिधि | | |
| | | स्थानीय समुदायबाट प्रतिनिधि | | |
| ७ | अनुगमन संयन्त्र | गाँउपालिका अनुगमन समिति | | |
| ८ | रिपोर्ट गर्ने तरिका र विधि | | | |
| ९ | अन्य | | | |

---------

अध्यक्ष

अनुसूची – ३



रमेश सुवेदी
प्रमुख प्रशासकीय अधि

कालाखेती
अध्यक्ष

Scanned with CamScanner

(दफा ४ सँग सम्बन्धित)

मनहरी गाँउपालिको स्थानीय अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिस्ट

नदी/घाटको नाम :

ठेगाना :

उत्खनन, सङ्कलन कर्ता/व्यवसायी कम्पनी:

| क्र.स. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेसिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग भएका मेसिनको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | उत्खनन्, सङ्कलन, ढुवानीको समय पालना भएको | | |
| ५ | तोकिएको अधिकतम नापको मापदण्ड पालना भएको | | |
| ६ | उत्खनन्, सङ्कलनको अधिकतम परिमाण पालना भएको | | |
| ७ | जम्मा गर्ने काम नदी/खोला तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| ८ | दैनिंक उत्खनन/सङ्कलन अभिलेख | | |
| ९ | दैनिक विक्रि ढुवानी तेरिज | | |
| १० | उत्खनन् सङ्कलनको परिमाण, चारकिल्लाको रेखांकन सहितको नाप नक्सा राखेको | | |
| ११ | पहुँचमार्गमा धुलो उड्न नदीन दैनिक पानी छर्किने प्रवन्ध | | |
| १२ | उत्खनन्, सङ्कलन स्थलमा काम गर्ने कामदारको लागि अस्थायी शौचालयको व्यवस्था गरेको | | |
| १३ | तोकिएको ढाँचाको सूचना पाटी राखेको | | |
| १४ | ढुवानी र ओसारपसार सम्बन्धी  मापदण्डको पालना | | |
| १५ | तोकिएको बजार मुल्यको पालना | | |
| १६ | अन्य कुनै विषय | | |

सदस्यहरु — संयोजक

अनुसूची - ४

(दफा ९ (२) सँग सम्बन्धित)

दण्ड जरिवाना सम्बन्धि व्यवस्था

यस कार्यविधि बमोजिम प्रक्रिया पूरा नगरी नदी घाट क्षेत्रमा मेसिनरी उपकरण तथा सवारीका साधन प्रवेश गर्ने गराउने फर्म वा व्यक्तिलाई नदीजन्य देहाय बमोजिम दण्ड र जरिवाना गरिनेछ । तर प्रदेश कानूनमा तोकिएकोमा सोही बमोजिम हुनेछ ।

| क्र.सं. | कसुरको किसिम | दण्ड जरिवाना |
|---|---|---|
| १ | नदीको पानी भित्र मेसिनरी उपकरण प्रयोग गरी बहाव क्षेत्रमा सामाग्री सङ्कलन गरेको अवस्थामा पक्राउ परेमा | स्वीकृती नलिई मेसिनरी औजार प्रयोग गरेमा पहिलो पटकका लागि रु. १ लाख र टिपर र ट्रक प्रयोग गरेमा रु. ३० हजार, मिनि ट्रकलाई रु. २० हजार र ट्रयाक्टरलाई रु. १५ हजार जरिवाना |
| २ | स्थानीय अनुगमन समितिमा अभिलेखिकरण नगराई मेसिनरी साधन प्रयोग गरेमा | रु. १ लाख ५० हजार |
| ३ | तोकिएको भन्दा बढी गहीराईबाट उत्खनन् गरेमा | रु. १ लाख ५० हजार |
| ४ | तोकिए भन्दा बढी संख्यामा मेशिनहरु प्रयोग गरेमा प्रति मेशिन | रु. १ लाख |
| ५ | रातीको समयमा सामाग्री उत्खनन्, सङ्कलन गरेमा | क्र.सं. १ मा तोकिएको जरिवानामा ५० प्रतिशत थप |
| ६ | नदीको धार परिवर्तन गरी सामाग्री उत्खनन्, सङ्कलन गरेमा | रु. १ लाख |
| ७ | आई.ई.ई.मा उल्लेखित क्षेत्र भन्दा बाहेक वा निषेधित स्थानबाट सामाग्री सङ्कलन गरेमा | रु. १ लाख ५० हजार |
| ८ | माथि उल्लेखित कसूर दोहोराएमा | तोकिएको जरिवानामा ५० प्रतिशत थप जरिवाना गर्ने |
| ९ | गाउँपालिकाको स्वीकृती विना नदीजन्य अनाधिकृत रुपमा चोरी निकासी गरेमा | मेसिनरी औजार प्रयोग गरी चोरी निकासी गरेमा मेसिन औजारको पहिलो पटकका लागि रु. १ लाख ५० हजार र टिपर तथा ट्रक प्रयोग गरेमा रु. ३० हजार, मिनि ट्रक लाई रु २० हजार र ट्रयाक्टर लाई रु १५ हजार जरिवाना |
| १० | यसमा उल्लेखित बाहेक अन्य कसूर गरेमा | गाउँ कार्यपालिकाको निर्णय अनुसार |

सदस्यहरुः

रमेश सुवेदा

अध्यक्ष



Scanned with CamScanner

अनुसूची-७

(दफा १२ (६) सँग सम्बन्धित)

वालुवा प्रशोधन गर्ने र वालुवा पाँगो धुने उद्योगको अनुमती, दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

१. वालुवा प्रशोधन गर्ने र वालुवा पाँगो धुने उद्योग दर्ताको लागि निवेदन साथ देहायका आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

क) रितपुर्वको उद्योग दर्ता निवेदन

ख) परियोजनाको विवरण

ग) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी

घ) निवेदक फर्म भएमा फर्म प्रमाणपत्रको प्रतिलिपी

ङ) उद्योग रहने स्थानको नक्सांकन सहितको विवरण

च) साझेदारीमा उद्योग स्थापना गर्न चाहनेको भए साझेदार वीच भएको सम्झौता

छ) उद्योग स्थापना गर्ने क्षेत्रको वडाको सिफारिस

ज) निवेदक कम्पनी भएमा

- कम्पनी दर्ता प्रमाणपत्र
- स्वीकृत प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपी
- संचालक समितिको निर्णय
- अद्यावधिक शेयर लागत
- अघिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्र

झ) सम्बन्धित निकायबाट उद्योग दर्ता सम्बन्धमा यसै कार्यविधिले तोके बमोजिमको दुरी खुल्ने प्रमाणित कागजात

ञ) कच्चा पदार्थ आपूर्तिको वैधानिक स्रोत खुल्ने कागजात

ट) उद्योग रहने स्थलको जग्गाधनी प्रमाण पुर्जा/लिज लिएको भए सम्झौताक प्रति

ठ) **Location Topo** नक्सामा अक्षांश देशान्तर खुलेको कागजात

ड) प्राइभेट/साझेदारी फर्म भएमा अद्यावधिक नविकरण भएको उद्योग दर्ता प्रमाणपत्र

ढ) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष



Scanned with CamScanner

२. वालुवा प्रशोधन गर्ने वा वालुवा पाँगो धुने उद्योग दर्ताको लागि दुरी सम्बन्धी मापदण्डः

| क्र.सं. | विवरण | कायम दुरीको मापदण्ड | दुरी प्रमाणित गर्ने निकाय |
|---|---|---|---|
| १ | राजमार्गको राईट अफ वे बाट | २०० मिटर | पूर्वाधार शाखा |
| २ | खोला वा नदी किनारबाट | २०० मिटर | पूर्वाधार शाखा |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, साँस्कृत, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | ५०० मिटर | सम्वन्धित वडा कार्यालय पूर्वाधार शाखा |
| ४ | पक्की पुलबाट | ५०० मिटर | सम्वन्धित वडा कार्यालय पूर्वाधार शाखा |
| ५ | वन, निकुञ्ज तथा आरक्षबाट | ५०० मिटर | प्रदेश वन डिभिजन/सव डिभिजन कार्यालय |
| ६ | घना बस्तीबाट | ५०० मिटर | सम्वन्धित वडा कार्यालय |
| ७ | हाईटेन्सन लाईनबाट | २०० मिटर | विद्युत प्राधिकरण कार्यालय |
| ८ | ऐतिहासिक ताल, तलैया जलाशय र पोखरीबाट | ५०० मिटर | पूर्वाधार शाखा,सम्वन्धित वडा कार्यालय |
| ९ | चुरे पहाडको फेदीबाट | १ किलोमिटर | प्रदेश वन डिभिजन/सव डिभिजन कार्यालय |

३. जग्गा सम्वन्धीः

- उद्योग स्वामित्वमा रहेको कम्तीमा २० रोपनी (१०१७५ वर्गमिटर) जग्गा
- उद्योगको आफ्नै स्वामित्वमा जग्गा नभएमा लिजमा लिएको भए कम्तिमा ५ (पाँच) वर्षको सम्झौता

४. उद्योग अनुमती तथा दर्ता प्रकृयाः

- उद्योगको दर्ताको लागि अनुसूची – ५ को बुँदा नं. १ मा उल्लेखित कागजात पेश गर्ने ।
- संलग्न कागजात रुजु गरी उद्योग दर्ता गर्ने ।
- उद्योग दर्ता भई सञ्चालन भएपछि समय समयमा अनुगमन समितिले अनुगमन गरी गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्ने ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष



Scanned with CamScanner